पान न.२०१२७१५६२

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन,वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय,झापा
भद्रपुर,नेपाल

मेघराज राई
डिभिजनल वन अधिकृत

प.स.०८१।०८२(योजना शाखा)

च.न. [illegible]

मिति:२०८१।०८।०४

(ने.स. ११४५ कछलागा ४, मङ्गलवार)

<u>डिभिजन वन कार्यालय, झापाको दाउरा लिलाम बिक्रि सम्बन्धि सूचना ।</u>

(दोश्रो पटक प्रकाशित मितिः ब्लाष्ट राष्ट्रिय दैनिकमा मिति २०८१।०८।०३)

आ.व. २०८० /०८१ मा SASEC Highway Enhancement Project (SHEP) ADB Project No.P52097-003 NEP अन्तर्गतको काकडभिट्टा लौकही सडक योजना (पूर्वी खण्ड) मध्ये कनकाई सब डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको चेनेज सम्मको सिमाभित्र परेका रुखहरु मध्ये सम्बन्धित आयोजनाबाट कटान,मुछान,टुनटुक्रा भई घाटगद्दीमा पाईलिङ समेत भई सो आयोजनाबाट मिति २०८१।२।२७ मा यस कार्यालयलाई हस्तान्तरण भई आएको कनकाई सब डि.ब.का.,झापा, सुरुङा कार्यालय हाता भित्र घाटगद्दीमा रहेको निम्न बमोजिमको न्यूनतम मूल्य कायम गरिएको जात र परिमाणका दाउरा जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्र प्रकियाबाट (बढाबढ गराई) लिलाम बिक्रि गर्नुपर्ने भएकोले दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित मिति र समय भित्र प्रचलित कानुन बमोजिम योग्यता पुगेका वन पैदावरमा आधारित उधोग,फर्महरुबाट बोलपत्र खरीद तथा दाखिलाका लागि आहान गरिन्छ ।

<u>तपशिल</u>

१. वन पैदाबारको बिबरण:

| सि. न. | सब डि.ब.का | लट नं | जात | थान | ग्रेड | परिमाण( क्यू.फी) | न्यूनतम दर प्रति क्यु.फि. | न्यूनतम मूल्य रु. | घाटगद्दि स्थान | काठको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कनकाई | १५।०८०-०८१(च ट्टा नं 79,85,87, 59,60,61, 62,63,65, 66,67,68, 69,70,71, 72,73,77, 78,80,81, 82,83,84, 86,88,90, 91,92,93, 94,95,96, 97 | 20×5×5 को सिसौ मिसीत | | | ३ | १२००० | ३६०००।०० | कनकाई सब डि.ब.का., सुरुङाको कार्यालय हाता भित्र | काकडभिट्टा लौकही सडक आयोजना (पुर्वी खण्ड)ले चेनेज १३±३२० देखी ३०±३२० सम्म सडकको दाँयाबाया रुखहरुको कटानबाट उत्पादित |
| | | | 20×5×5 को अन्यजात मिसीत | | | ३१ | ४००० | १२४०००।०० | | |
| | | | | | जम्मा | ३४ | | १६०,०००।०० | | |

२) ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक सूचना प्रकाशन भएको मिति २०८१।०८।०३ ले १५ (पन्ध्र) औं दिन मिति २०८१।०८।१७ गते सम्म (सो दिन सार्वजनिक विदा परे त्यसको भोलीपल्ट सम्म) तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी यस कार्यालय र वन निर्देशनालय, धरान, बाट बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरीद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीका प्रोप्राईटरले बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी,सुचि दर्ता र काठ चिरान गर्ने स:मिल उद्योग/व्यवसायी/फर्मको कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

पान न.२०१२७१५६२

प्रदेश सरकार

कोशी प्रदेश

पर्यटन,वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय,झापा

भद्रपुर,नेपाल

मेघराज राई

डिभिजनल वन अधिकृत

प.स.०८१।०८२(योजना शाखा)

च.न.

मिति:२०८१।०८।०४

(ने.स. ११४५ कछलागा ४, मङ्गलवार)

३। खरीद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति २०८१।०८।१८ गते (सो दिन सार्वजनिक विदा परे त्यसको भोलीपल्ट सम्म) दिनको १:०० बजे सम्ममा वन निर्देशनालय, धरान वा डिभिजन वन कार्यालय, झापामा दाखिला गर्न सकिने छ ।

४। बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ र खाममा लट नं. र फर्मको नाम, शिलको किसिम र परिमाण अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेमा त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन र दर्ता भएको भए पनि अमान्य हुनेछ । लटको मूल्याङ्न गर्दा सोही लटको अधिकतम् कवोल मूल्यलाई आधार मानिने छ । काठ,दाउरा सङ्कलन गर्दा लागेको कटान, मुछान, ढुवानी वापत दाउराको हकमा प्रति चट्टा रु. ८१२१।०० का दरले छुट्टै रकम वुझाउनु पर्नेछ ।

५। जसको नाममा बिक्रि भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नु पर्नेछ ।

६। बोलपत्रको साथमा छुट्टाछुट्टै लटको लागि कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम, प्रदेश लेखा ईकाई कार्यालय, झापाको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भद्रपुर स्थित खाता नं. क २२१०१००२०२०३०००० मा जम्मा गरी सो को लट अनुसारको छुट्टाछुट्टै सक्कल भौचर वा कम्तिमा ६ महिना सम्मको रितपूर्वकको बैंक ग्यारेन्टी वा बैंक ड्राफ्ट सिलबन्दी गरिएको खाम भित्र समाबेश हुनु पर्नेछ ।

७) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८) बोलपत्रमा र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहीछाप भई नआएमा सिल खोलिएको वा टुटफूट भएकोमा सो बोलपत्र अमान्य हुनेछ ।

९) लिलाम बढाबढ हुने उपरोक्त लटको वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

१०) दाखिला हुन आएका बोलपत्रहरु वन निर्देशनालय,धरानमा दाखिला नभएको अवस्थामा दाखिला गर्ने अन्तिम दिनको दिउँसो २.०० बजे (२०८१।०८।१८ गते) र वन निर्देशनालय, धरानमा समेत दाखिला भई सोही दिन बोलपत्र संकलन भइ नसकेमा भोलिपल्ट बिहान ११: ०० बजे देखी यस कार्यालयमा खोलिने छ ।

११। सकारकर्ताले लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको मितिले दिन ४५ (पैतालिस) भित्र सकार गरेको रकम, काठको संकलन खर्च, मु.अ.कर,प्रदेश शेवा सुल्कको रकम दाखिला गर्नु पर्नेछ ।

१२) सम्बन्धित कार्यालयहरुबाट बिक्रि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

१३) म्याद नाघी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

१४) बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङ्घन भएमा बोलपत्र अमान्य हुनेछ ।

१५) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहनेछ ।

१६) उपरोक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ ।

१७) सिलबन्दी वोलपत्र साथ कुनै पनि निकायमा कालोसुचीमा नरहेको हस्त लिखित निबेदन समेत अनिबार्य समाबेश हुनु पर्नेछ ।

१८) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिक्रि कार्यबिधि निर्देशिका अनुसार हुनेछ । साथै धरौटी रकम फिर्ता लिन आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

ईति सम्बत् २०८१ साल मंसिर ४ गते रोज ०३ मा शुभम्............